नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**जलस्रोत तथा सिंचाइ विभाग**
जावलाखेल, ललितपुर

☎ ९७७-०१-५-४३७१३६
९७७-०१-५-४३७३१३
९७७-०१-५-४३७२१०
९७७-०१-५-४३७३११
९७७-०१-५-४३७३१२
९७७-०१-५-४३७३०८
९७७-०१-५-४३७३०६
९७७-०१-५-४३७३०२
एक्स -: ९७७-०१-५-४३५३८२
९७७-०१-५-४२७४४२
फ्याक्स -: ९७७-०१-५-४३७१६९
वेभसाइट :https://dwri.gov.np

मिति : २०७९।१२।१२

प.स.: ०७९/८०
च.नं.: ४०३

श्री सबै महाशाखाहरू,
श्री सबै आयोजना/कार्यालयहरू,
जलस्रोत तथा सिंचाई विभाग, जावलाखेल ।

विषयः– जानकारी एवम् कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको प.स. ०७९/८०, च.नं. १६४ मिति २०७९।१२।०१ को पत्र र सो साथ संलग्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं. ०७९/०८०, च.नं. भ्र.नि./५२१/४४६३ मिति २०७९।११।२३ गतेको पत्र यसै साथ संलग्न छन् । व्यहोरा उक्त पत्रबाट अवगत गर्नु भई सोही अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

(सूर्य प्रसाद कोइराला)
शाखा अधिकृत

बोधार्थः
श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरबार ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

प.सं ०७९/८०
च.नं.:भ्र.नि/५२१/४४६३

मितिः२०७९/११/२३

श्री मन्त्रालय (सबै)
सिंहदरबार, काठमाडौं।

विषयः सुझाव कार्यान्वयन सम्बन्धमा।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प. सं. अनु-५/कृष्ण/०७९/८०, च.नं. ३८८२२ मिति २०७९/११/१६ को प्राप्त पत्रानुसार आयोगमा दर्ता भएको उजुरी दर्ता नं. C-०३०१०५, मिति २०७७/१२/२० को उजुरीका सम्बन्धमा लेखिदैंछ। आयोगले अनुसन्धान तहकिकात गर्दा जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, बैतडीलाई आर्थिक वर्ष २०७६/७७ मा सामान आपूर्ति गर्ने प्रतिस्पर्धामा संलग्न आपूर्तिकर्ता कम्पनीहरुको शेयरधनी/सञ्चालकहरुमध्ये कुनै शेयरधनी व्यक्ति हरेक कम्पनीमा रहेबाट उक्त प्रतिस्पर्धामा मिलेमतो खुल्न आएको भनी आगामी दिनमा प्रतिस्पर्धालाई संकुचन हुन नदिन टेण्डर प्रक्रियामा सहभागी हुनका लागि कानूनले तोके बमोजिम अन्य कागजातहरुको अतिरिक्त "कम्पनीहरुले कम्पनी दर्ता गर्दाका बखत कम्पनी ऐन, २०६३ को दफा ४६ को उपदफा (१) अनुसार तयार गरिएको शेयरधनी र डिबेञ्चरवालाको दर्ता किताबको प्रमाणित प्रतिलिपि" समेत अनिवार्य रुपमा संलग्न गराउने व्यवस्थाका लागि टेण्डर प्रकृयामा सम्बद्ध ऐन, कानून, कार्यविधिमा समावेश गरी कानूनी व्यवस्था गर्न यस कार्यालयमार्फत सम्पूर्ण निकायमा जानकारी गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) बमोजिम सुझाव कार्यान्वयनका लागि लेखी आएको हुँदा ताहाँ मन्त्रालय र मातहतका निकायहरुले सोही बमोजिम सुझाव कार्यान्वयन गरी सोको जानकारी आयोगको महाशाखा नं. ५ र यस कार्यालयलाई समेत उपलब्ध गराई दिनुहुन पत्रको छाँयाप्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(गुणा राई)
शाखा अधिकृत

बोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
टङ्गाल, काठमाडौं।
(महाशाखा नं. ५)